# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)


पत्र संख्या: २०७८/७९
च.नं.: ७०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
महाशिला गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
पर्वत ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम काय खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझा कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, द प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभाव नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता न वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, सान टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता न दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा ब प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख न सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थि लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखाप प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने लिएको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

पत्र संख्याः २०७८/७९ च.नं.: १२४ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
महाशिला गाउँपालिका,
पर्वत ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले महाशिला गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्प... लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.२९ लाख ८४ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ६४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने ... लाख ९७ हजार, नियमित गर्नुपर्ने रु.११ लाख ३ हजार र पेस्की बाँकी रु.२० हजार रहेको छ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया ... प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२ यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हु... जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरी... मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । ... लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आ... लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथ... गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आ... आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालि... वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त ग... सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान ... हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्ष... सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन ... निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रता... त्रुटि वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक



Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

परिचयः स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ ग स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट धेरै भन्दा धेरै सेवा र सुविधा प्रदान गर्न यस गाउँपालिकाको स्थाप भएको हो । यो महाशिला गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, ४९ व.कि.मी. क्षेत्रफल, ९९५८ जनसंख्या र गण्ड प्रदेशमा अवस्थित छ ।

| प्रासीभुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| | यसवर्ष रु. | | | |
| विवरण | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | ४३३५६३१०० | ३०९७८२२५१.४२ | | ३०९७८२२५१.४२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ३६०५९६२०० | २५०३०१२१६.०४ | 0 | २५०३०१२१६.०४ |
| ११००० कर | ३३६६९००० | २९२९५०५३.५९ | | २९२९५०५३.५९ |
| १३००० अनुदान | ३१२०४०००० | २१९५६९४०२.९५ | 0 | २१९५६९४०२.९५ |
| संघीय सरकार | २७३९४५००० | १९८१२१३१७.९५ | 0 | १९८१२१३१७.९५ |
| प्रदेश सरकार | ३८०९५००० | २१४४८०८५ | 0 | २१४४८०८५ |
| १४००० अन्य राजस्व | १४८८७२०० | १४३६७५९.५० | 0 | १४३६७५९.५० |
| ख. अन्य प्राप्ति | ७२९६६९०० | ५९४८१०३५.३८ | 0 | ५९४८१०३५.३८ |
| वितरण गर्न बाकी राजस्व | 0 | 0 | 0 | 0 |
| कोषहरू | ७६४२९०० | ५९४८१०३५.३८ | 0 | ५९४८१०३५.३८ |
| धरौटी | 0 | ३४२५२४७.३८ | 0 | ३४२५२४७.३८ |
| संघीय,प्रदेशसरकार वा अन्य कार्यक्रम | ६५३२४००० | ५१४३७३६४.३५ | 0 | ५१४३७३६४.३५ |
| भुक्तानी (ग+घ) | ४५३३११९१० | ३०२४१७१४८.८६ | | ३०२४१७१४८.८६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ३८०३४५०१० | २४६९४२७२३.५१ | | २४६९४२७२३.५१ |
| २१००० पारिश्रमिक / सुविधा | ११३७३३८१० | १०७७५२७४१.९३ | 0 | १०७७५२७४१.९३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ४६८७९००० | ३१९०४०३७.४३ | 0 | ३१९०४०३७.४३ |
| २५००० सहायता (Subsidy) | ३३०३८२४ | २१२४६२१ | 0 | २१२४६२१ |
| २६००० अनुदान | २००१८००० | १०८०६७१९.२५ | 0 | १०८०६७१९.२५ |
| २७००० सामाजिक सुरक्षा | ३५६१३८५६ | ३७८०१७२ | 0 | ३७८०१७२ |
| २८००० अन्य खर्च | ५५०००० | १९२८३५ | 0 | १९२८३५ |
| ३१००० गैर वित्तीय सम्पत्ति/पुँजीगत खर्च | १६०२४६५२० | ९०३८९५९६.९० | 0 | ९०३८९५९६.९० |
| घ. अन्य भुक्तानी | ७२९६६९०० | ५५४७४४२५.३५ | 0 | ५५४७४४२५.३५ |
| कोषहरू | ७६४२९०० | ३६१७५३१ | 0 | ३६१७५३१ |
| धरौटी | 0 | ४१९५३० | 0 | ४१९५३० |
| संघीय,प्रदेशसरकार वा अन्य कार्यक्रम | ६५३२४००० | ५१४३७३६४.३५ | 0 | ५१४३७३६४.३५ |
| बाँकी रकम भुक्तानी/दाखिलागर्न बाकी | 0 | 0 | 0 | 0 |
| खर्च अनुदान निकासा फिर्ता | 0 | 0 | 0 | 0 |
| ङ. यो वर्षको बचत (न्युन) | (१९७४८८१०) | ७३६५१०२.५६ | | ७३६५१०२.५६ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १९०८११५७.१० | | १९०८११५७.१० |
| अन्तिमको बाकी रकम (ङ + च) | (१९७४८८१०) | २६४४६२५९.६६ | | २६४४६२५९.६६ |
| नगद तथा बैंक बाँकी सुत्र अनुसार | | २६४४६२५९.६६ | | २६४४६२५९.६६ |

कार्यालयको नाम : **महाशिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पर्वत** आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | असुलीः लेखापरीक्षणको क्रममा रु.७३००८ र प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात प्रतिक्रियाबाट रु.७४२२२ असुल भई सम्वन्धित राजस्व शिर्षक खातामा दाखिला भएको छ । | |
| १. | वित्तीय विवरण–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्.<br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभई बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>• स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुंजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुंजीगत शिर्षक र पुंजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एक रुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यसवाट प्राप्त वित्तिय प्रतिवेदन (म.ले.प.फा. नं.२७२) मा वैंक मौज्दात रु.२६४३८२५९.६६ (रहेको जसमा रु.८०००.० बैदेशिक स्रोत तर्फको रकम खर्च भएको अवस्थामा पनि सुत्रमा मौज्दात देखिएको) तर वास्तविक वैंक मौज्दात रु.२६४३६३७५.२७ भएको भनि प्रमाणित विवरण पेश भएकोले बैकमा स्रेस्तामा भन्दा रु.१८८४.३९ कम देखिएकोले सो रकमको समायोजन गरी प्रमाण पेश गर्ने ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१९७४८८१०.० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१९०८११५७.१० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६६७६५२.९ घटी जिम्मेवारी सरेको पाइयो । पालिकाले पेश गरेको गत वर्षाको बैंक मौज्दात प्रमाणमा रु.१९१२०३९२.१० बैंकमा रहेको पाइयो । जुन रकममा आ.ब २०७६/०७७ को राजश्व अम्दानी क्रमश रु.२०४००.० र रु.१८८३५.० गरी जम्मा रु.३९२३५.० (रु.३९२३५.० आ.व २०७६/०७७ मा आम्दानी बाँधेको छ) राजश्व समेत समावेश भएकोले सो राजश्व रकम घटाइ रु.१९०८११५७.१ आ.ब २०७५/०७६ अन्तिम मौज्दात यस आ.ब २०७६/०७७ को सुरु मौज्दात हुनु पर्नेमा सो नगरी रु. १९०८११५७.१० अन्तीम मौज्दात कायम गरेकोले मौज्दात फरक परेको पालिकाको भनाइ छ । | |
| ३. | **बैक हिसाब मिलान नगरेको**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असारपछि रु. २ करोड ७३ लाख ५५ हजार चेक रकम साटिएको कारण असार महिनाको वैंक मौज्दातसँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ । | |

| खाताको नाम | | चालुखर्च खाता | पुंजीगतखर्च खाता | जम्मा |
|---|---|---|---|---|
| २०७७असार मसान्तसम्मको बाँकी रकम | | ७५४७७२९.०७ | २०५८३५१९.११ | २८१३१२४८.१८ |
| २०७७असार मसान्तपछि थप भएको रकम | | ११९४६२६३.९४ | ६५००००० | १८४४६२६३.९४ |
| २०७७असारपछि साटिएका चेकको कुल रकम | | ११३२३७१५.८३ | १६०३१५८३.० | २७३५५२९८.८३ |
| फिर्ता रकम | संघीय संचित कोषमा | ४७१३१९३.०५ | ११४१४८९ | ५८५४६८२.०५ |
| | स्थानीय संचित कोषमा | ३४५७०८४.१३ | ९९१०४४७.१ | १३३६७५३१.२३ |
| वास्तविकमौज्दात | | ० | ० | ० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रक |
|---|---|---|

गरेको पाईएन।

- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।
- गाउँपालिकाले यस वर्ष रु.७३७७०००.० राजश्व अनुमान गरेकोमा रु.२७१८९६४.० प्राप्त गरेको छ । राजश्व अनुमान गरे अनुसारको राजश्व उठाउन पालिकाले पहल गर्नु पर्ने देखिन्छ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.३४५७०८४.१३ , पुजीगत खर्च खातामा रु.९९१०४४७.१० समेत गरी रु.१३३६७५३१.२३ मौज्दात रहेको पाईए पनि सो रकम भाद्र महिनामा मात्र संचित कोषमा ट्रान्सफर गरी खाता शुन्य पारेको पाइयो ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ-टीडीएस नगरेको पाइयो।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू |
|---|---|---|
| | अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धीमा मापदण्ड तोक्नु पर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीयतहले जग्गाको उपयोग सम्बन्धीमा पदण्ड बनाई लागू गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट रु.२५८५७६६.३२ खर्च गरेकोमा योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ दफा ५(क) वमोजिम कर्मचारीहरुको कार्यविवरण वनाई लागू गरेको पाइएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ११ र प्रशासनिकतर्फ २० समेत ३१ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ५ र १९ समेत २४ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाइयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रक |
|---|---|---|
| | यस पालिकाले हालसम्म २२ ऐन, ५ नियमावली, २६ कार्यविधि र १ निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रकमान्तर गर्ने अधिकार कार्यपालिकालाई भएकोमा वडाले आफ्नो वजेट भित्रको कार्यक्रमको रकमान्तर गरी आफै खर्च गरि एकमुष्ट रुपमा कार्यपालिकावाट अनुमोदन भएको छ । वडावाट हुने रकमान्तर तथा कार्यक्रम संसोधनलाई नियन्त्रण गर्नुपर्दछ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माणकार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्ष देखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधि भित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंकबाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क)मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू र |
|---|---|---|
| | कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९, दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९(६) बमोजिम नगद प्रास हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि. सम्मको पुल, लिफ्ट सिँचाई, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री हिराकुमारी रानाले २०७६।३।८ गते रु.३४ करोड ७४ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६. | **योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्रास योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुने हुँदा यस्ता | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू</th></tr>
<tr><td></td><td>कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>योजनासंख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>१९</td><td>९६००००.०</td></tr>
<tr><td>२</td><td>रु एक लाखएक देखि पाँच लाख सम्मका योजना</td><td>६७</td><td>११७६२५००.०</td></tr>
<tr><td>३</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>९</td><td>५३८००००.०</td></tr>
<tr><td>४</td><td>दश लाख एकदेखि ५० लाख सम्मा योजना</td><td>५</td><td>७२३६०००.०</td></tr>
<tr><td>५</td><td>५० लाखभन्दा माथिका योजनाहरु</td><td>१</td><td>८८०००००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०१</td><td>३४१३८५००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७.</td><td>सेवाप्रवाहः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ता ६२१ वटा, नाताप्रमाणित १५९ वटा, घर वाटो सिफारिस ३१ वटा, नागरिकता सिफारिस २३९ वटा र अन्य २०८३ वटा दर्ता तथा सिफारीस गरी सेवाप्रवाह गरेको देखियो। पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिस, पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन ।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>८.</td><td>नक्सा पासः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकाले हालसम्म आफ्नो क्षेत्रिभित्रको घरहरुको घर नक्सालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पहल समेत गरेको पाइएन साथै सुरु समेत गरेको पाइएन । अतः ऐनको पालनातर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकारक्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको ४ गरी कुल ६ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>अनुगमन तथा भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरे पछि सोको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नु पर्ने उल्लेख छ। नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.१४ लाख ४९ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नु पर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू र |
|---|---|---|

११. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | महाशिला गा.पा पुँजिगत | ७१६८३३५२.०९ | ८८०२७९४.७९ | ३२३७५६३७.६८ | १५८८७९५८.१४ | १४६१६९६१.४ |
| २ | प्रदेश अन्य पुँजीगत अनुदान | ४३५३०८५ | ० | ३४५०००० | ९०३०८५ | ० |
| ३ | संघीय हस्तान्तरित पुँजिगत | ९३५८५११ | ४५४०२४ | ११४५६२१ | १३३५३९१ | ६४२३४७५ |
| ४ | प्रदेश ससर्त पुँजिगत | ४९८६६४८.८९ | ० | ० | २२४१२८४.७४ | २२४१२८४.७४ |
| | जम्मा | ९०३८१५९६.९८ | ९२५६८१८.७९ | ३६९७१२५८.६८ | २०३६७७१८.८८ | २३२८१७२१.१४ |
| | कूल खर्चः | | | | | |
| | खर्च प्रतिशत | | १०.८२ | ४०.९० | २२.५३ | २५.७५ |

१२. **क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३४५९०००८ | १८०४२१६४.७२ | ७.३० |
| सामाजिक क्षेत्र | १८९५०४४९० | १३११७३८०१.८४ | ५३.१२ |
| पूर्वाधार विकास क्षेत्र | ११९०६१८६४ | ७१७९४५१३.९६ | २९.०७ |
| वातावरण तथा विपद् व्यवस्थापन | ३८८७६४८ | २१३२७०४.१ | ०.८६ |
| संस्थागत विकास र सेवा प्रवाह | १४३४००० | १०२६०७५ | ०.४२ |
| वित्तीय व्यवस्थापन र सुशासन | ५००००० | ० | ० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ३१२३९००० | २२७७३४६३.८९ | ९.२३ |
| जम्मा | ३८०२१७०१० | २४६९४२७२३.५१ | १०० |

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा रु.७ करोड १८ लाख वजेट विनियोजन भएकोमा वजेटको तुलनामा ६०.३० प्रतिशत मात्र खर्च भएको छ समग्र खर्चको तुलनामा २९.०७ प्रतितशत खर्च भएको छ। पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।

१३. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रक |
|---|---|---|

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २४०००० | ११८५७२८.५० | ४९.४० |
| घरजग्गा वहाल कर | ४०००० | १०४६४८ | २६१.६२ |
| व्यवसाय कर | ४५००० | ८००० | १७.७८ |
| वहाल विरौटी शुल्क | ५०००० | ० | ० |
| अन्य राजश्व | ४५०००० | २९३९४८ | ६५.३२ |

१४. कार्यक्रमगत प्रगतिः तोकिएको लक्ष्य पुरा गरी शत-प्रतिशत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ ।पुर्व तयारी वेगर वजेट मात्र विनियोजन गरेको कारण यस्तो भएको देखिन्छ । यस सम्वन्धमा छलफल गर्दा कम प्रगति हुनुमा कोरोना महामारी लगायतको कारण उल्लेख गरेको छ । कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| खेल मदान सहयोग | ४००००० | २००००० | ५० |
| गुम्बा मठ मन्दिर मर्मत संरक्षण | ११७००० | १७००० | १४.८८ |
| द ितत शसक्तिकरण कार्यक्रम | १२०००० | ५९००० | ४९.५३ |
| पानी मुल, सिमसार तथा पोखरी संरक्षण | ३००००० | ५०००० | १६ ६७ |
| बाल मैत्री वाड घोषणा अधियान कार्यक्रम गैसस परिचालन लुंखु थप २ वडा सुरु | ५००००० | ११५००० | २३.०४ |
| बालकोट, लुखुं पाखापानी क्षेत्र बाँदर नियन्त्रण तथा खाद्य सुरक्ष को लागि बृहत कार्य | ७००००० | २३०००० | ३२.९३ |
| मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००००० | ८ ००० | ४०.२५ |
| महाशिला शिलाक्षेत्रको पूर्वाधार विकास-मूर्ती क्द्रे | ५०००००० | ० | ० |
| स्थानीय पर्यटक विकास कार्यक्रम | ८००००० | ० | ० |

१५. खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.२७१८९६४.० राजस्व बाँडफाँड र अनुदानबाट रु.२४७५८२२५२.०४ समेत रु.२५०३०१२१६.०४ आम्दानी भएकोमा चालु तर्फ रु.१५६५६११२६.६१ र पूँजिगत तर्फ रु.९०३८१५९६.०२ र बित्तिय ब्यबस्था तर्फ रु.० समेत रु.२४६९४२७२२.६३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१२४८०००.० खर्च भएको छ जुन आन्तरिक आयको ४५.८९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.२३ प्रतिशत चालु र ३६.७७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

१६. कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ३ पदमा २२ जना कर्मचारीहरु करारमा राखी रु.६२१७२४८.७ खर्च लेखेको छ । | |
| १७. | खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१७२१३६१.० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १८. | आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले पहिरो, आगली, स्वास्थ्य उपचार अदि प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.१०४६००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १९. | तलवी प्रतिवेदनः निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) सम्वन्धित कार्यालयले सम्वन्धित कार्यालयले को.ले.नि.का.बाट तलबी प्रतिवेदनपास नगराई तलब खर्च लेख्न नहुने व्यवस्था छ। गाउँपालिकाले आ.व. २०७६/०७ को तलवी प्रतिवेदन पास नगरी पालिका, स्वास्थ्य, कृषि, भेटेनरीको रु.५३५६२०७.२३ बराबरको तलब भत्तामा खर्च लेखेको छ । अतः नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| २०. | प्रमाण पेश गर्नुपर्नेः १. भौ.नं. २१-०७६/७/४ बाट न्यु धुव्र इन्टरप्राइजेज प्रा. लि. लाई इन्धन खर्च भुक्तानी रु २५०५५ गरेकोमा फोटोकपी बिल समावेश भएको देखिएकाले सक्कल बिल पेश गर्नुपर्ने रु. | २५०५५ |
| २१. | अग्रीम कर कट्टीः भौ.नं. ६४-०७६/९/२९ बाट वडा नं. ३ को कार्यक्रम पेश्की फछ्यौंट रु.६११५० को अग्रीम कर कट्टी नगरेको रु.९१७ र वडा नं.६ को कार्यक्रम पेश्की फर्छ्यौट रु.६५६६६ को अग्रीम कर कट्टी नगरेको रु ९८४ गरी राजश्व दाखिला गर्नुपर्ने रु. | १९०१ |
| २२. | क्षेत्राधिकार बाहिर खर्चः गाउँपालिकाले प्राविधिक शिक्षा संचालनका लागि रु.२००००० पालिका भन्दा बाहिर कुश्मा न.पा. १० मा रहेको पुर्णेश्वर मा.वि. लाई भुक्तानी दिएको देखिन्छ । पालिका क्षेत्र भन्दा बाहिरको विद्यालयलाई क्षेत्राधिकार भन्दा बाहिर भुक्तानी दिएकाले नियमसंगत देखिएन । | |
| २३. | वि.पि. स्मृति भवन निर्माणलाई भुक्तानी दिएकोः ३३७-०७७/३/२७ बाट पुँजीगत बजेट खर्च गर्दा पूँजी सिर्जना नहुनेखालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्दै सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। गाउँपालिकाले कार्यपालिकाबाट निर्णय गरी वि.पि. स्मृति प्रतिष्ठान कुश्माका लागि नेपाली कांग्रेस पर्वत वि.पि. स्मृति भवन निर्माण समितिलाई रु.२०००००० भुक्तानी दिएको देखिन्छ । यसरी पालिका भन्दा बाहिरको भवन निर्माण तथा पार्टीगत भवन निर्माणका लागि पालिकाले भुक्तानी दिएकाले अनियमित देखिएको रु. | २०००००० |
| | **गाउँपालिका पुँजीगत तर्फः** | |
| २४. | हेभी इक्विपमेण्टको प्रयोग – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ४९-०७६/१०/२९ | पैंयु भञ्ज्याङ होश्राङ्दी जैविरे सडक योजना | सडक मर्मत | ४८०००० | एस्काभेटर | ४८०००० |
| १६९-०७७/३/२३ | अम्मरेको घरदेखि खोलाको घरसम्म मोटरबाटो निर्माण उ.स. | बाटो निर्माण | १८०३०० | एस्काभेटर | १८०३०० |
| | जम्मा | | | | ६६०३००.० |

**२५.** अनुत्पादक तथा वितरणमुखी खर्च– सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको उदाहरण निम्नानुसार छन् । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सि.नं. | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | कालिका देवी मन्दिर निर्माण उ.स. | कालिका देवी मन्दिर निर्माण | २९२००० |
| २ | देउराली देवी मन्दिर घेरावार नि.उ.स. | देउराली देवी मन्दिर घेरावार | ९६००० |
| ३ | मुन्धुथान संरक्षण उ.स. | मुन्धुथान संरक्षण | ५०००० |
| ४ | होटल रबि रेष्टुरेन्ट एण्ड बार,पोखरा | सामाजिक सुरक्षा भत्ता नवीरण तथा आवधि योजना निर्माण सम्बन्धी कार्यक्रम | ४०००० |
| ५ | होटल होली लज, होटल सिन्दुर रुपन्देही, क्वालिटी रेष्टुरेन्ट नारायणघाट, न्यु रेवती रुपन्देही, होटल व्रिन्दावन पाल्पा | आवधिक योजना निर्माण कार्यक्रम खर्च | १९४१६ |
| ६ | विभिन्न | पञ्चवर्षीय आवधिक योजना तर्जुमा अन्तर्क्रिया कार्यक्रम | ३६७०० |

**२६.** पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च- पूँजी सिर्जना नहुनेखालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नु पर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग गर्ने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ८४७९५०.० भुक्तानी दिएको पाईयो।

| सि.नं. | प्रयोजन | रकम |
|---|---|---|
| १ | पाडापाडी संरक्षणका लागि भैसी सुत्केरी भत्ता प्रति सुत्केरी भैसी रु ५०० दरले विभिन्न वडामा भुक्तानी दिएको | १७१५०० |
| २ | विभिन्न विउ विजन खरिद, ढ्वानी र वितरण | १४२४५० |
| ३ | कृषि पशुमा विभिन्न अनुदान भुक्तानी | ५३४००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरु |
|---|---|---|
| | जम्मा ८४७९५० | |
| २७. | **दुधमा अनुदान:**गाउँपालिका भित्र रहेको महाशिला सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड मार्फत कृषकलाई  दुध उत्पादनमा बढाउन प्रोत्साहन गर्न र केही भए पनि आर्थिक सहयोग पुगोस् भन्ने उद्देश्यले प्रती लिटर रु.१० अनुदान उपलव्ध गराउँदै अएको छ । यस वर्ष विभिन्न फर्महरुलाई जम्मा रु.१४२९४२ अनुदान उपलव्ध गराएको छ । विगत वर्ष देखि उपलव्ध गराउँदै अएको अनुदान रकमले परेको सकारात्मक प्रभाव अनुगमन गरेको पाइएन । अतः अनुगमन गरी अत्मनिर्भर भएका फर्मलाई अनुदान रकम घटउँदै लगी सो रकमले अन्य कार्यको उत्पादकत्व बढाउने तर्फ काम गर्नुपर्ने देखिन्छ । साथै यस कार्यक्रम पुँजीगत शिर्षकबाट संचालन गरिएकोमा चालु खर्च शिर्षकबाट संचालन गर्नुपर्ने देखिन्छ । | |
| २८. | **सुत्केरी भैंसीलाई भत्ता:** यस गाउँपालिकाले पालिका क्षेत्र भित्र भैंसी पालन तथा पाडापाडी संरक्षणमा सहयोग पुर्याउने र केही भए पनि आर्थिक सहयोग पुगोस् भन्ने उद्देश्यले प्रति सुत्केरी भैंसी रु ५०० अनुदान उपलब्ध गराउदै आएको छ । यस वर्ष पालिकाले सुत्केरी भैंसी भत्तामा रु १७१५०० अनुदान उपलब्ध गराएको छ । विगत वर्ष देखि उपलव्ध गराउँदै अएको अनुदान रकमले परेको सकारात्मक प्रभाव अनुगमन गरेको पाइएन । साथै यस कार्यक्रम पुँजीगत शिर्षकबाट संचालन गरिएकोमा चालु खर्च शिर्षकबाट संचालन गर्नुपर्ने देखिन्छ । | |
| २९. | **बाँदर हेरालुमा खर्च:** यस पालिकाले कार्यपालिका र गाउँसभाको निर्णय गरि वडा नं. ४ र ५ मा अन्नवाली संरक्षण गर्न प्रतिदिनको रु.३५० का दरले ६ जना हेरालु राखि भुक्तानी दिएको पाइन्छ । यस वर्ष पालिकाले यि वडामा बाँदर हेरालु भनी रु.२२२६०० भुक्तानी दिएको छ । यस्तो कार्यक्रम चालु खर्च शिर्षकबाट गर्नुका साथै खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ३०. | **सोझै खरिद:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाख भन्दा माथि रु.२०लाख सम्म सिलबन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यम बाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्ति कर्ता संग एकपटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको नियम सम्वत नदेखिएको रु. | ९०३ |

| भौ. नं. | भुक्तानी पाउने | काम तथा खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०६-०७७/२/२५ | ए.एस कम्प्युटर ग्यालरी प्रा.ली. | ल्यापटप तथा प्रिन्टर खरिद | ४३५००० |
| १०३-०७७/३/२८ | ग्लोरी कम्प्युटर इन्स्टिच्युट | कम्प्युटर र प्रिन्टर खरिद | ४६८००० |
| | कुलजम्मा | | ९०३०००.० |

| | | |
|---|---|---|
| ३१. | जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गाउँपालिका सभाहल निर्माणकार्य गाउँपालिकाको सभाहल निर्माण उपभोक्ता समिति मार्फत गराइ भौ ३००-०७७/३/३१ बाट रु.१७२८०००.० भुक्तानी दीएको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| ३२. | विमा रकम बढी भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(घ) मा १० लाख रुपैया भन्दा बढी मूल्य निर्माण कार्य गर्ने निर्माण व्यवसायीले व्यवसायीलाई लाई निर्माणस्थल सुम्पिएको मितिदेखी | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हस्तान्तरण प्रमाण पत्र जारी गरिने मितिसम्म (डि.एल.पी पिरेड सम्म) को विमा अवधी सम्मको विमा गराइ सोही अनुसारकको विमाको रकम तिर्नु पर्ने व्यवस्था भएता पनि निम्नानुसारका ठेक्कामा भुक्तानी दिनु पर्ने भन्दा बढी भुक्तानी भएकोले सम्वन्धीत सप्लायर्स संग असुल गरी सम्वन्धीतको खातामा दाखिला गर्नु पर्ने रु. | ५४२८७.५५ |

| क.स. | निर्माण काम | निर्माण व्यवसायी | कबोल अंक | हुनु पर्ने विमा भु | भएको विमाको भु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | मल्कावाङ जोरकाफल-लुखु मिलनचोक कालोपत्रे | फेवा कन्ट्रक्सन | ६५२०२३८५.७८ | २४२६१६ | २७४१५६.०८ | ३१५४० |
| २ | बहुउदेश्यीय सभा हल | बलेवा अचार्य जे.भी | १०१७१३७१.९१ | १२५०६० | १४१३०७.५५ | १६२४७.५५ |
| ३ | अगुवा अर्गाउदी प्रोचु अर्खभन्ज्याङ सडक निर्माण | कालि गंगा निर्माण सेवा | २२२४८२१.३ | ५०००० | ५६५० | ६५०० |
| | जम्मा | | | | | ५४२८७.५५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३३. | बिल बेगर ल्याव टेष्टरकम भुक्तानीः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम २३ मा खरीद सम्झौता अनुसार सार्वजिनक निकायले रनिङ बिल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम भुक्तानी गर्नु पर्ने व्यवस्था भएता पनि निम्नानुसारका योजनाहरुको ल्याव टेष्टको भुक्तानी बिजक बेगर भुक्तानी गरेको पाइएकाले भुक्तानी रकम सम्वन्धीतसँग असुल गरी दाखिला गर्नुपर्ने रु. | ५८७५७.७४ |

| क्र.स. | निर्माण काम | निर्माण व्यवसायी | कबोल अंक | ल्याव टेष्ट रकम भुक्तानी |
|---|---|---|---|---|
| १ | बहुउदेश्यीय सभा हल | बलेवा अचार्य जे.भी | १०१७१३७१.९१ | ५८७५७.७४ |
| | जम्मा | | | ५८७५७.७४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३४. | ३ प्रतिशत टुल्स एण्ड प्लान्टः नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट वि स २०७३ मा जारी भएको नर्म्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विश्लेषण गर्दा टुल्स एण्ड प्लान्टको दरमा कायममा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले ठेक्काबाट तथा उपभोक्ता समितिबाट हुने निर्माण कार्यको दर विश्लेषणमा कामदारको ज्यालाको मात्र नभई निर्माण सामाग्रीको मूल्यको समेत ३ प्रतिशत रकम समावेश गरी लागत अनुमान तयार गरेको पाइयो। यसरी बढी दर राखी लागत अनुमान तयार गर्दा आयोजनाको वास्तविक लागत भन्दा बढी लागत पर्ने देखिन्छ यसरी नर्म्सभन्दा बाहिर गई लागत अनुमान तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाईनु पर्दछ। यस सम्वन्धमा उपभोक्ता समितिबाट भएका कार्यको नमुना छनौटको आधारमा भौचर परीक्षण गर्दा उपभोक्ता समितीहरुलाई भएको बढी भुक्तानी सम्वन्धित उपभोक्ता समिति सँग असुल गरी सम्वन्धीत शिर्षकमा दाखिला गर्नु पर्ने रु. | ४२२९२.५२ |

| क्र.सं | भौ.मिति | कार्यक्रम/उ.स | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ७-०७७/३/२८ | महेन्द्र ज्योती मा.वि | **P:C:C 1:2:4, Brick Masonary work** | ७१७९ |
| २ | ४-०७७/३/२८ | महाशिला पर्यटन विकास सभाहल निर्माण | **P:C:C 1:2:4, Brick Masonary work, stone Masonary** | १५०५०.० |
| ३ | ३४-०७७/३/२८ | महेन्द्र ज्योती मा.वि | **P:C:C 1:2:4, Brick Masonary work, Plaster work** | २२८२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | २४-०७७/३/२३ | पैञ्यु गुर्धुम आ.वी | **P:C:C 1:2:4, Steel bar, Forma work** | १४४३.० |
| ५ | १३७-०७७/३/१० | चिसापानी पदमार्ग निर्माण समिति वडा नं. ५ | Dry Stone Masonry work | ४०१५.२८ |
| ६ | २५५-०७७/३/२८ | लुँखु भोक्सीङ होश्राइदी मर्मत तथा ढलान उ.स. | Pcc 1:2:4, Stone Soiling work | १२३२३.२४ |
| | जम्मा | | | ४२२९२.५२ |

**३५.** मु.अ.कर भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभर्पाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिलाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु. — २११५५

| क्र सं | कार्यक्रम | कामको विवरण | उ.स भुक्तानी रकम | उ.स लाई मु.अ.कर भुक्तानी | उ.स लाई हुनु पर्ने मु.अ.कर भुक्तानी | बढी भुक्तानी मु.अ.कर |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रो दय मा.वि | सिमेन्ट, डण्डी खरीद | ६३८८१० | ३२६२ | २५८७ | ६७५ |
| २ | महेन्द्र ज्योती मा.वि पुर्वाधार निर्माण | इट्टा हातले लेखिएको ठाडो विल पेश | ८१३२८२.२१ | २०४८० | ० | २०४८० |
| | जम्मा | | | | | २११५५.० |

**३६.** **पहिरो सफा गर्ने काममा बढी दरको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । जिल्ला दररेट अनुसार मेसिनद्वारा पहिरो सफा गर्ने काममा भ्याट सहित रु ६२.१५ दर लाग्नेमा पालिकाले देहायका योजनामा बढी दर राखि भुक्तानी दिएको पाईन्छ । यसरी बढी दर प्रयोग गरी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. — १००२४०.०

| **भौ.नं.** | **उपभोक्ता समिति/कामको विवरण** | **भएको काम** | **हुनुपर्ने दर** | **भएको दर** | **कामको परिणाम** | **कार्यालय अंश %** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|
| २७-०७६/८/११ | बालाकोट मोटरबाटो सरसफाई उ.स. वडा नं. ३ | Landslide clearance | ६२.१५ | ९९.४४ | १७९.९९ | ८१.९६ | ५५००.६ |
| ३८-०७६/९/२९ | आकस्मिक सडक मर्मत संभार उ.स. | Landslide clearance | ६२.१५ | ८५.८८ | ४४४.३६ | ८८.०७९ | ९२८७.७० |
| ५६-०७६/११/२० | शाखा मोटरबाटो सफाइ समिति वडा नं. ५ | Landslide clearance | ६२.१५ | ९९.४४ | २३०.९७ | ७४.३४ | ६४०२.९३ |
| १४९-०७७/३/१६ | सवैशाखा सडक सरसफाइ समिति | Landslide clearance | ६२.१५ | ८५.८८ | १६९८ | ८६.४३ | ३४८२५.७१ |
| १९१-०७७/३/२४ | भुजुङ्गे सार्थन अवाङ वसेनी रातोढुंगा सडक उ.स. वडा नं.४ | Landslide clearance | ६२.१५ | ८५.८८ | २३७६.७३ | ७८.४१ | ४४२२३.०८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा |
|---|---|
| | जम्मा ... १००२४०.०२ |
| ३७. | **नापी किताबमा उल्लेख भए भन्दा बढी कार्यसम्पन्न प्रतिवेदन भएकोः** कुनै पनि निर्माण कार्यको कार्यसम्पन्न बनाउँदा भएको निर्माण कार्यको नापजाँच अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्छ । उपभोक्ता समितिबाट कार्य भएको नयाँ ट्र्याकको काममा वास्तविक नापि किताब (Earthwork evaluation sheet) र कार्यसम्पन्न प्रतिवेदन परीक्षण गर्दा देहायका योजनामा फरक परेको देखिएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्नेः |
| ३७.१. | भौ.नं. ४४-०७६/१०/२० बाट लुँखु घन्तरी फलामखानी घण्टे सडक उपभोक्ता समिति वडा नं. ६ बाट बाटो खन्ने काममा श्रमदान रु.२७६२७९.८५ र कार्यालय अंश रु.९६०००० गरी रु.१२३६२७९.८५ को लागत अनुमान तयार भएकोमा प्राविधिक कार्यसम्पन्नमा पनि लागत अनुमान बराबर उल्लेख भएकोमा Earth Work evaluation Sheet परीक्षण गर्दा Soil cutting (BMS) को ७८१८.३८ घ.मि. काम भएकोमा कार्यसम्पन्न प्रतिवेदनमा ८४२८.४० राखि भुक्तानी दिएको देखिन्छ । यसरी बढी भएको ६१०.०२ घ.मि. को रु.९९.४४ का दरले रु.६०६६०.३९ बढी रकम उल्लेख भएको देखिन्छ । जसमा श्रमदानको अंश कट्टी गर्दा रु.४७१०२.७९ बढी भुक्तानी भएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. |
| ३७.२. | भौ.नं. १४७-०७७/३/१६ बाट भोग्सिङ्ग-सर्वुडाँडा खोलाखर्क मोटरबाटो स्तरोन्नती वडा नं. २ बाट बाटो खन्ने काममा श्रमदान रु.६५२०४.६६ र कार्यालय अंश रु.४८०००० गरी रु.५४५२०४.६६ को लागत अनुमान तयार भएकोमा प्राविधिक कार्यसम्पन्नमा पनि लागत अनुमान बराबर उल्लेख गरी सोही बमोजिम भुक्तानी भएको देखिन्छ ।तरEarth Work evaluation Sheetमा Chanageपरीक्षण गर्दा Hard soil को ९२.३६ घ.मि. वास्तविक कार्य भएको भन्दा बढी काम कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । यसरी बढी भएको ९२.३६ घ.मि. को रु.९९.४४ का दरले रु.९१८४.२७ बढी उल्लेख भएको देखिन्छ । जसमा श्रमदानको अंश कट्टी गर्दा रु.८०८५.८६ बढी भुक्तानी भएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. |
| ३८. | **प्रोजेक्टर खरीदः** ल्याप्टप भएका विद्यालयका शिक्षाकहरुलाई प्रोजेक्टर मार्फत कक्षा संचालन गर्नका लागी विद्यालयलाई प्रोजेक्टर उपलब्ध गराउने पालिकाको कार्यक्रम अनुसार नेएस्को टेक इन्टरनेशनल बाट ३३ वटा प्रोजेक्टर मु.अ.कर समेत रु.३९३७२.७९ का दरले भौ.१०-०७६/८/२० बाट रु.१२९९३३१.१५ मा खरीद गरीएका प्रोजेक्टरहरु स्टोरमा दाखिला गरेकोमा ६ वटा मात्र वितरण भइ २७ वटा बाँकी रहेको पाइयो । अतः रु.१०७३०६५.४७ को २७ वटा प्रोजेक्टर वितरण गरेको प्रमाण पेश गर्नु पर्ने रु. |
| ३९. | **प्लाष्टीक टनेल खरीदः** गाउँपालिकाको एक घर एक टनेल कार्यक्रम अन्तर्गत ५२५ वट प्लाष्टीक टनेल कबोल अंक रु.१५८७७५७.५० मा नेयल्को टेक इन्टरनेशनल प्रा.लि संग खरीद गरेकोमा पालिकाले पेश गरेको विवरणमा ३९७ टनेल वितरण गरी १२८ बाँकी राखेको पाइएकाले १२८ टनेल रु.३८७११०.४ को वितरण भरपाइ पेश गर्नु पर्ने रु. |
| ४०. | **फेब्रिकेशन पार्ट खरीदः** ३२ मिटर लामो झोलुङ्गेपुल निर्माणका लागि लागत अनुमान रु.१४८३९१३.५४ को तयार गरी बोलपत्र प्रशासन गरेकोमा कम कबोल गर्ने एस.के इन्जिनियरिङ सँग रु.१२१७२३७। मा सम्झौता भएको थियो । सप्लायर्सले विल रकममा लागत अनुमान तयारीमा समावेश नगरीएको एक्ससाइज डियुटी समावेश नगरी लागत अनुमान तयार गरेको र संझौतामा समेत सोही वेगर संझौता गरेको अवस्थामा सप्लायर्सले एक्ससाइज डियुटी जोडी बिजक जारी गरेको र सोही अनुसार पालिकाले भौ.३१-०७७/३/२८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रक |
|---|---|---|
| | बाट रु.१२२७३३७.१७ भुक्तानी दिएको पाइयो । संझौता रकम भन्दा पालिकाले रु.१०१००.१७ बढी भुक्तानी गरेको पाइयो । एक्ससाइज डियुटी लाग्ने आधार पेश गर्ने अन्यथा बढी भुक्तानी रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | १०१००.१ |
| | **स्थानिय पूर्वाधार विकास साझेदारीः** | |
| ४१. | **उपभोक्ता समितिलाई बढी भुक्तानीः** महेन्द्र ज्योति मा.वि पूर्वाधार निर्माण कार्यको लागत अनुमान रु.१४९६३८२.१३ को तयार गरकोमा उपभोक्ता समितीको रु.१५२३८८.१३ (१०.१८%) हुने गरी सम्झौता भएको थियो । उपभोक्ताले रु.१४३४९७६.८० को काम गरेकोमा संझौताको अनुपातमा रु.१४६०८०.६४ कट्टा गरी रु.१२८८८९६.१६ भुक्तानी दिनु पर्नेमा २ वटा रनिङ बिल बाट रु.१२९३६५९.२२ भुक्तानी गरेको पाइयो । उपभोक्तालाई भुक्तानी दिनु पर्ने भन्दा रु.४७६३.०६ बढी भुक्तानी दिएको पाइएकाले बढी भुक्तानी उपभोक्ता समिति सँग असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. | ४७६३.०६ |
| | **नेपाल पर्यटन बोर्डः** | |
| ४२. | **उपभोक्ता समितिलाई बढी भुक्तानीः** नेपाल पर्यटन बोर्ड तथा महाशिला क्षेत्र सौन्दर्यिकरण सभाहल निर्माण कार्य लागत अनुमान रु.१५६५२५३.२० मा उपभोक्ता समितीको श्रमदान रु.३६५२५३.२ (२३.३३%) मिति २०७७/१/३१ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा रु.१४९३९०६.५५ को काम गरी कार्य सम्पन्न बनाएको छ । उपभोक्ताले संझौता गरे अनुसारको श्रमदानको २३.३३% अंश कट्टा गरि रु. ११४५३७८.१५ भुक्तानी दिनु पर्नेमा रु.११५२०००.० भुक्तानी भएबाट बढी भुक्तानी हुन गएको रु.६६२१.८५ सम्वन्धीत उपभोक्ता समिति सँग असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु. | ६६२१.८५ |
| ४३. | महाशिला सौन्दर्यिकरण सभाहल निर्माण कार्यको मेजरमेन्जसिटमा Sanitory works @5% of structures works मा रु.३८८९४.०, Electrification works@3% of structures works रु.१४९३९०६.५५ गरी रु.१५३२८००। को कार्यको **Detail** मेजरमेन्ट बेगर विल उठाएको पाइयो । यसरी एकमुष्ट विल बनाउँदा कती र कस्ता समान कती परीमाणमा प्रयोग भयो यकिन गर्न सकिएन अतः मेजरमेन्ट बनाउँदा पिरमाण र सामान खुल्ने गरी बनाउनु पर्ने देखिन्छ । | |
| ४४. | **डीपीआर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| अन्य क्षेत्रको पर्यटन पूर्वाधार निर्माण | मोदी इन्जीनियरिङ कन्सल्टेन्सी | ३३९००० | ३३९००० | ४९५६७००० |
| चिसापानी भ्यूटावर पैयुकोट दरबार | | | | ५१३५२५४८ |

| | | |
|---|---|---|
| | **ससर्त पुँजिगतः** | |
| ४५. | **उपभोक्ता समिति मार्फत जटिल निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नयम ९७(१क) मा उपभोक्ता समितीबाट गराउने एक करोड सम्मको निर्माण कार्यमा लागत अनुमान तयार गर्दा एक करोड सम्म मुल्य अभिवृद्धि कर, ओभरहेड किन्टिन्जेन्सि रकम र जनसहभागिताको अंस समेत समावेश हुने छ भन्ने व्यवस्था रहेको छ । साथै जटिल प्रकृतिका निर्माण कार्यहरु उपभोक्ता समिती मार्फत गर्न नहुने कुरा सोही | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू र |
|---|---|---|
| | दफामा व्यवस्था हुँदा हुँदै पनि पालिकाले कुल लागत रु.८८००८८८.० को पर्यटन पूर्वाधार विकास आयोजना महाशिला पूर्वाधार विकास अन्तर्गत महाशिलामा शिवको मुर्ती कुँद्रे लगायत अन्य पूर्वाधार कामका लागी लागत अनुमान बनाएकोमा रु.२५०००००.० अन्य पूर्वाधार कार्यमा मात्र खर्च गरेको पाइयो । लागत अनुमान बनाइए अनुसारको पुरै काम गरेको पाइएन स्थलगत निरीक्षाण गर्दा देखिएको दृष्य। | |
| |  | |
| ४६. | प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, पहिरो निरयन्त्रण ग्याविन जाली लगाउने, पदमार्ग निर्माण निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८७ जनालाई रोजगारी उपलब्ध गराई रु.१७६८८४८.० खर्च गरेको छ । लक्षित वर्गलाई २९ दिनदेखि ३१ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिदैन । | |
| ४७. | श्रमीकको पारीश्रमीक भुक्तानीः कामका लागि पारिश्रमिकमा अधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं २१ मा श्रमिकको ज्याला सम्वन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडा अध्यक्षकव सिफारिस बमोजिम श्रमिकको बैक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था भएता पनि यस आ.ब २०७६/०७७ मा श्रमीकको पारीश्रमीक वापत रु.१३६३९७८.० हाँजिरीको भरमा नगदै वितरण गरेको पाइयो । अतः कार्यविधिको व्यवस्था विपरीत गरेको खर्च नियम सम्वत देखिएन । | |
| | ससर्त चालुः | |
| ४८. | गाउँपालिकाको स्वास्थ चौकीले बर्ष भरीमा ११० प्रसुत सेवा प्रदान गरेकोमा सरकारले स्वास्थ कर्मीलाई रु.३००।का दरले दिएको भत्ता रु.३३०००.० मा १५% कर रु.४९५० राजश्व दाखिला गर्नु पर्नेमा गरेको नपाइएको रु. | ४९५० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सामाजिक सुरक्षा | |
| ४९. | **सामाजिक सुरक्षा भत्ता नगदै वितरणः** सामाजिक सुरक्षा नियमावली, २०७६ को १०(३) मा ऐनको दफा १७ को उपदफा ३ बमोजिमको क्षेत्रमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङ्किङ प्रणालिबाट मात्र वितरण गर्नु पर्ने व्यवस्था भएता पनि गाउँपालिकाले दलित बालबालिका, अपाङ्गहरुको सामाजिक सुरक्षा भत्ता नगदै वितरण गरेको पाइयो । अतः नियमावलीको व्यवस्था पालना गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ । | |
| ५०. | **बढी सामाजिक सुरक्षा भत्ता वितरणः** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ४(ख) मा अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्प उमेर पुरा नभएका बालवालिकालाई उपब्ध गराउने व्यवस्था भएता पनि पालिकाले निम्नानुसारका बाल बालिकाहरुलाइ भुक्तानी हुनु पर्ने भन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएको संबन्धीत सँग असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्न रु. | ८०० |

| क्र.स. | चौमासिक | वाल वालिकाको नाम | जम्म मिति | भु.रकम | हुनु पर्ने भु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | वडा न.६ | उत्सव सुनार | ०७१/९/२५ | १२०० | ८०० | ४०० |
| २ | | जिवन सुनार | ०७१/१०/३ | १६०० | १२०० | ४०० |
| | जम्मा | | | | | ८००.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | शिक्षा तर्फ | |
| ५१. | **विद्यालयगत निकासा खाताः** कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ । | |
| ५२. | **दरबन्दी मिलानः** शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस गाउँपालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्राvि. नि.मा.वि. मा.बि. मा राहात समेत गरी जम्मा १८१ जना दरवन्दी मौज्दात देखिएता पनि गाउँपालिकाले विद्यालयको अवस्था, विद्यार्थीको अवस्था विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर गाउँपालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षकको तलव निकासा वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन | |
| ५३. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |
| ५४. | | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री महेन्द्र ज्योति उ.मा.वि. लुखुं | १८ | १८ | ३ | २२४ |
| २ | श्री जनविकास मा.वि. पाखापानी | १७ | १७ | ६ | २४१ |
| ३ | बालारानी मा.वि. बालारानी | १३ | १३ | ३ | १५४ |
| ४ | सगरमाथा प्रा.वि. लुखुं | ५ | ५ | ३ | ३५ |
| ५ | स्वधर्म मा.वि. पाखापानी | १३ | १३ | ६ | १३१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | चन्द्रनगर प्रा.वि. पाखापानी | ४ | ४ | ० | ३३ |
| ७ | चनौटे प्रा.वि. पाखापानी | ४ | ४ | १ | २४ |
| ८ | श्री विश्वज्योती मा.वि. पाखापानी | १३ | १३ | ९ | १०३ |
| ९ | श्री फलामखानी नि.मा.वि. फलामखानी | ६ | ६ | ३ | ७० |
| १० | सरस्वती प्रा.वि. फलामखानी | ४ | ४ | २ | २२ |
| ११ | श्री कालिका प्रा.वि. बालाकोट | २ | २ | १ | १८ |
| १२ | श्री बुद्ध प्रा.वि. लुखुं | ४ | ४ | ० | ३८ |
| १३ | श्री चन्द्रोदय प्रा.वि. बालाकोट | ४ | ४ | २ | ५७ |
| १४ | श्री मदनआश्रीत मा.वि.फलामखानी | ८ | ७ | ३ | ८१ |
| १५ | श्री महाशिला प्रा.वि. लुखुं | २ | २ | १ | १४ |
| १६ | श्री जय इश्वर प्रा.वि. लुखुं | २ | २ | ० | १८ |
| १७ | श्री महेन्द्रोय मा.वि. भोक्सिङ | १३ | १३ | ७ | १२१ |
| १८ | श्री सुर्य मा.वि. होस्याङ्दी | १४ | १४ | ३ | ११२ |
| १९ | श्री लक्ष्मीदय नि.मा.वि. होर्स्याङदी | ८ | ७ | ४ | ५६ |
| २० | श्री गोल्याङधाम नि.मा.वि. | १० | ९ | ५ | १०५ |
| २१ | श्री शिवालय प्रा.वि. भोक्सिङ | २ | २ | ० | १६ |
| २२ | श्री गोरादी प्रा.वि. | २ | २ | १ | १७ |
| २३ | श्री पैयु गुर्धुम प्रा.वि. | ३ | ३ | ३ | २९ |
| २४ | श्री त्रिभुवन प्रा.वि. | ३ | ३ | ३ | १९ |
| २५ | श्री सरस्वती नि.मा.वि. कुर्घा | ८ | ८ | २ | ५० |
| २६ | श्री चिसापानी देबी प्रा.वि. कुर्घा | २ | २ | ० | २४ |
| | जम्मा | १८४ | १८१ | ६९ | १८१२ |

**५५.** कोरोना कोषः

**५५.१.** आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषवाट | ५००००० | राहात वितरण | ७८४९९५ |
| स्थानिय तहको आफ्नै वजेटवाट | २१८७६३०.०५ | क्वारेन्टाइन निर्माणा तथा व्यवस्थापन | १२७५२६० |
| संघीय सञ्चीत कोषबाट | १०२९०० | आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ० |
| अन्य स्रोतवाट | ८५७८९२.९७ | जनशक्ती परिचालन | ० |
| | | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ४७२८०५ |
| | | स्वास्थ्य पूर्वाधार निर्माण, राहत वितरण, संङ्क्रमित तथा संकास्पद व्यक्ति व्यवस्थापन | ० |
| | | अन्य (एम्बुलेन्स मर्मत र इन्धन) सवारी भाड | ११४४७१ |
| | | बाँकी | १०००८९२.६५ |
| जम्मा | ३६४८४२३.०२ | जम्मा | ३६४८४२३.६५ |

**५५.२.** भौ.४-०७७/२/६ बाट वडा नं.४ मा राहत सामाग्रीका लागी रु.२३१५९५। को राहत खरीद गरेकोमा

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरु |
|---|---|---|
| | ११७ परीवारको लागी राहत खरीदमा १११ परीवारलाई वितरण गरेकोमा ६ परिवारको प्रति परिवार रु.१९८५.० का दरले रु.११९१० को वितरण भरपाई नपुग भएकाले भर्पाइ पेश गर्नुपर्ने रु. | १९१० |
| ५५.३. | कोरोना भाइरस (COVID-19) सम्वन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ मा क्वारेण्टाइनमा बस्ने व्यक्तिहरुको प्रतिदिन प्रतिव्यक्ति क्वारेण्टाइन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशन दर दैनिक रु.१७२.० बमोजिमको खाना खाजा खर्च उपलब्ध गराइनेछ साथै क्वारेण्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खजा खाना सुरक्षा निकायबाट व्यवस्थापन गरिनेछ ।भन्ने व्यवस्था भएता पनि गाउँपालिकाले क्वारेन टाइनमा बस्ने व्यक्तीहरुलाई खाना खाजाको व्यवस्था सदरमुकामको विभिन्न होटलहरुमा जम्मा रु.९७६७१२.० खर्च गरेको छ । | |
| ५६. | आन्तरीक लेखा परीक्षण प्रतिवेदनको कार्यान्वयनः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ (६) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनु पर्ने व्यवस्था भएकोमा आन्तरीक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको देहायको वेरुजु हाल सम्म फछ्र्यौट नभएकोले उक्त रकम देहाय अनुसार फछ्र्यौट हुनु पर्ने रु. | २८७२.५ |

| भौ.नं. | विवरण | विल रकम |
|---|---|---|
| ३-०७६/६/१५ | चौमासीक गोष्ठी संचालनका लागि विभिन्न सहभागीहरुलाई प्रदान गरिएको भत्ता रु.१९१५० मा कर कट्टा गर्नु पर्नेमा कट्टा रु.२८७२.५ राजश्व दाखिला नगरेको | २८७२.५ |
| | जम्मा | २८७२.५ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरु |
|---|---|---|
| ५७. | पेश्की बाँकीः पालिकाले देहाय अनुसार पेश्की फछ्यौंट नगरेकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले भौ.१५४-०७७/१/७ बाट मिन बहादुर क्षेत्री लाइ दिएको पेश्की रु.२००००। फछ्यौंट हुन बाँकी देखिएकोले फछ्यौंट हुनुपर्ने रु. | २०००० |

महाशिला गाउँपालिकाको [illegible]त कोष विवरण

२०७६।७७

अनुसूची– १

(रु.हजारमा)

| क.स. | प्रदेश | स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम (६+१०) | बेरुजू रकम | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११(१+६-१०) |
| १ | गण्डकी | महाशिला गाउँपालिका | पर्वत | ६२३००६ | २९८४ | १९०८१ | २१९५६९ | २६७५० | २७१९ | ६०७४४ | ३०९७८२ | १५६५६१ | ९०३८२ | ६६२८१ | ३१३२२४ | १५६३९ |

अनुसूची– २

(रु.हजारमा)

**बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

| क.स. | प्रदेश | स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | गण्डकी | महाशिला गाउँपालिका | पर्वत | ३५ | २९ | ८१२८ | ० | १२ | ५१४४ | ३५ | १७ | २९८४ | ३६४ | ११०३ | १४९७ | ० | ० | २६०० | २० | ० | २० |

अनुसूची– ३

(रु.हजारमा)

**अद्यावधिक वेरुजू स्थिति**

| क्र स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको वाँकी | यस वर्षको फर्छ्यौट | वाँकी | यो वर्षको सं प. वाट कायम भएको वेरुजु | यो वर्षको वेरुजु | कुल वाँकी वेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | महाशिला गाउँपालिका | पर्वत | २९००४ | १२१५७ | १६८४७ | | २९८४ | १९८३१ |